## खानेपानी, सरसफाइ तथा स्वच्छता इकाईका कर्मचारीहरूको कार्यबिवरण

**१. पदः खानेपानी, सरसफाइ तथा स्वच्छता संयोजक (वास संयोजक)/WASH Coordinator**

**कार्य स्थानः** भेरी नगरपालिकाको कार्यालय साथै विभिन्न योजना क्षेत्रहरूमा बारम्बार भ्रमण गर्नु पर्ने

**पर्यवेक्षकः** प्रमुख प्रशासकीय अधिकृत

**रिपोर्टिङः** प्रमुख प्रशासकीय अधिकृत/सुस्वा आयोजनाका WASH सल्लाहकार

**जवाफदेहिताः** खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन समिति (WASH-MC)

**शैक्षिक योग्यताः** ग्रामीण विकास, सिभिल इन्जिनियरिङ, समाजशास्त्र, व्यवस्थापन, वा अन्य प्रासंगिक अनुशासनमा स्नातक डिग्री

**व्यावसायिक अनुभवः**

- न्यूनतम ५ वर्ष ग्रामीण परिवेशमा सामुदायिक विकास, WASH व्यवस्थापनको योजना र व्यवस्थापन, स्थानीय सरकार/विकास एजेन्सी अन्तर्गतका (न्यूनतम ३ वर्ष WASH क्षेत्रका) गतिविधिहरूमा कार्य अनुभव

**अन्य सीपहरूः**

- सामाजिक परिचालन र तालिम सहजीकरण सीपहरूमा दखल भएको।
- अंग्रेजी र नेपालीमा लेख्ने र बोल्ने सीप भएको र स्थानीय भाषामा राम्रोसँग सहजीकरण गर्न सक्ने सीप भएको।
- नेपाली र अंग्रेजी दुबैमा राम्रो रिपोर्टिङ गर्ने सक्ने सीप भएको।
- कम्प्युटर (Word, Excel, Power point, Email/Internet) राम्रो ज्ञान र सीप भएको।

**प्रमुख जिम्मेवारीहरूः**

- विभिन्न योजना र रणनीतिहरू (WASH योजना, WASH व्यवस्थापन, मर्यादित महिनावारी (DMM), पूर्ण सरसफाइ, CCA/DRR, मर्मत सम्भार कोष (O&M)/दिगोपन, MIS, आदि) बिषयमा तर्जुमा र अद्यावधिक गर्न नगरपालिकालाई सहयोग तथा टेवा र प्रोत्साहन दिने र प्रभावकारी कार्यान्वयनको लागि सहायता गर्ने।
- नगरपालिकाकालाई SUSWA मा उपलब्ध विकासका अवसरहरू बारे जानकारी गराउने।
- कार्यक्रमहरूको संयुक्त कार्यान्वयनमा प्रोत्साहन र सहयोग गर्ने।
- SUSWA आयोजना/कार्यक्रमको कार्यान्वयन गर्न वार्षिक योजना, अनुगमन र रिपोर्टिङमा नगरपालिकालाई सहयोग गर्ने।
- नगरपालिका WASH कोष (MWF- Municipal WASH Fund) को स्थिति सहित विभिन्न प्रगति रिपोर्टहरू संकलन र प्रमाणीकरण गर्न र तथ्यांकको गुणस्तर सुनिश्चित गर्दै WASH-MC र सुस्वा वास सल्लाहकारलाई रिपोर्ट गर्ने।
- नगरपालिकाका अधिकारीहरूलाई SUSWA द्वारा उपलब्ध MIS प्रणालीहरूको पहुँच पुर्याउन र प्रयोग गर्न मद्दत गर्ने।
- आयोजनाको बार्षिक बजेट तथा कार्यक्रमहरूको परिणामहरूको समयमै रिपोर्टिङ गर्ने र सहयोग गर्ने।
- आवश्यक पर्दा नगरपालिका वास कोष (Municipal WASH Fund- MWF) को वित्तीय रिपोर्टिङमा नगरपालिकाका लेखा शाखालाई सहयोग गर्ने।
- WASH, DMM र CCA/DRR सम्वन्धित नीतिहरू तर्जुमा गर्न नगरपालिकालाई सहयोग गर्ने।
- नगरपालिकाकाका अधिकारीहरू, जनप्रतिनिधिहरू र निर्णयकर्ताहरूलाई SUSWA आयोजनाको दिशानिर्देश र नीतिहरू बारे जानकारी गराउने ।
- नगरपालिकामा सम्भावित सहयोग र स्रोत बाँडफाँडको लागि अन्य ध्ब्क्ज् क्षेत्रका संस्थाहरूसँग समन्वय गर्ने।
- नगरपालिकाका अधिकारीहरू, जनप्रतिनिधिहरू र निर्णयकर्ताहरूलाई क्षमता अभिवृद्धि गतिविधिहरूको आवश्यकताको विश्लेषण गर्ने र वार्षिक कार्य योजनाका लागि गतिविधिहरू सुझाव दिने।
- WASH-MC बैठक आयोजना गर्न र निर्णयहरू गर्न सहयोग गर्ने।
- WASH इकाई टोलीलाई समन्वय गर्ने र मासिक/द्विमासिक बैठकहरू सञ्चालन गर्ने।
- नगरपालिकाको कार्य योजना हासिल गर्न WASH इकाईका कर्मचारीहरूलाई परिचालन र निरीक्षण गर्ने।
- दिगो WASH सेवाहरूको लागि WASH प्रशासनलाई संस्थागत गर्न योजना र नगरपालिका स्तरमा निर्माण पछि सम्बन्धित गतिविधिहरू लागू गर्ने।
- सबै गतिविधिहरूमा GEDSI पक्षहरूलाई ध्यानमा राख्ने र GEDSI सुनिश्चित भएनभएको सुनिश्चित गर्ने।
- यस काम बाहेक नगरपालिका र WASH-MC द्वारा तोकिएको अन्य जिम्मेवारीहरू परियोजनाका काममा बाधा नहुने गरि काम गर्ने र सहजीकरण गर्ने।

प्रमुख प्रशासकीय अधिकृत

भेरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलगा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

CamScanner

२. पदः प्राविधिक सहजकर्ता (सब–इन्जिनियर)

| | |
|---|---|
| कार्य स्थानः | भेरी नगरपालिका नगरकार्यपालिकाको कार्यालय खलंगा, जाजरकोट र विभिन्न योजना क्षेत्रहरूमा बारम्बार फिल्ड भिजिट गर्नु पर्ने । |
| सुपरभाइजरः | खानेपानी, सरसफाइ तथा स्वच्छता संयोजक (वास संयोजक)/WASH Coordinator |
| रिपोर्टिङः | खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) इकाई |
| जवाफदेहिः | खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन समिति (WASH-MC) |
| शैक्षिक योग्यताः | सिभिल इन्जिनियरिङमा डिप्लोमा तह उत्तिर्ण |

**शैक्षिक योग्यता र कार्य अनुभवः**

- सिभिल इन्जिनियरिङमा डिप्लोमा तहको उत्तीर्ण गरि न्यूनतम ३ वर्ष समुदायमा आधारित ग्रामीण खानेपानी तथा सरसफाइ गतिविधिहरू (सर्वेक्षण, डिजाइन, पर्यवेक्षण/अनुगमन र मूल्याङ्कन आदि) मा अनुभव भएको हुनपर्ने ।
- दाताहरूद्वारा अनुदान प्राप्त कार्यक्रमहरू/परियोजनाहरू र स्थानीय सरकार अन्तर्गत काम गरेको अनुभव भएका आबेदकलाई पहिलो प्राथमिकता हुने ।

**अन्य सीपहरूः**

- सामाजिक परिचालन र तालिम सहजीकरण सीपहरूमा दखल भएको ।
- अंग्रेजी र नेपालीमा लेख्ने र बोल्ने सीप भएको र स्थानीय भाषामा राम्रोसँग सहजीकरण गर्न सक्ने सीप भएको ।
- नेपाली र अंग्रेजी दुबैमा राम्रो रिपोर्टिङ गर्ने सक्ने सीप भएको ।
- कम्प्युटर (Word, Excel, Power point, Email/Internet) राम्रो ज्ञान र सीप भएको ।
- ड्राफ्टिङ/AutoCad चलाउन जान्ने सीप भएको ।

**प्रमुख जिम्मेवारीहरूः**

- योजना लेआउट प्लान तयार गर्ने र सो को अन्तिम रूप दिन सहयोग गर्ने, सामूहिक आमभेला/WUSCs बैठकहरूमा उपभोक्ताहरू/WUSCs लाई योजनाहरूको बारेमा सहजीकरण गर्ने र प्राविधिक समस्याहरूको पहिचान गरी समस्या समधान गर्ने ।
- CCA/DRR सम्वन्धि राम्रो ज्ञान भई कार्य गर्ने । प्राविधिक मापण्डहरूको पालना गर्ने र SUSWA आयोजना सँग सम्वन्धित सम्पूर्ण प्राबिधिक मापदण्डहरूलाई ध्यानमा राखी विस्तृत सर्वेक्षण गरी खानेपानी योजनाहरूको डिजाइन र लागत अनुमान तयार गर्ने ।
- प्राविधिक डिजाइन र अनुमानहरू नगरपालिका इन्जिनियर र प्रमुख प्रशासकीय अधिकृतद्वारा जाँच गरी अनुमोदन गर्न सुनिश्चित गर्ने ।
- WUSCs/आम उपभोक्ताहरूको सामुदायिक कार्ययोजना (Community Action Plan -CAP) निर्माण गर्न WUSCs लाई सहजीकरण गर्ने ।
- संरचनाहरूको ले-आउट अनुमोदित डिजाइन रेखाचित्र अनुसार हुनको लागि WASH प्राविधिक, मिस्त्री, ग्रामीण मर्मत सम्भार कार्यकर्ता (VMW) लाई सहयोग गर्ने ।
- बाह्य निर्माण सामग्रीहरूको खरिद कागजातहरू तयार गर्ने र निर्माण सामग्री खरिद प्रक्रियाका लागि WUSC लाई सहजीकरण गर्ने र निर्माण सामग्री (स्थानीय र गैर स्थानीय) को गुणस्तर सुनिश्चित गर्ने ।
- सामुदायिक स्तरमा प्रशिक्षकको रूपमा प्राविधिक तालिमहरू सञ्चालन गर्ने र ती तालिमहरू व्यवस्थापन गर्न नगरपालिकाला र वास संयोजकलाई सहयोग गर्ने ।
- सम्पूर्ण कार्यमा प्राविधिक गुणस्तर कायम गर्ने र पूर्वाधारको गुणस्तर कार्य नियन्त्रण गर्न वास प्राविधकहरूलाई सहजीकरण गर्ने ।
- खानेपानी तथा सरसफाइ योजनाहरूको सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन गर्ने ।
- बिस्तारित खानेपानी सुरक्षा योजनाहरू (WSP+++) विशेष गरी प्राविधिक पक्षहरूको लागि तयार गर्ने टोलीहरूलाई आवश्यकता अनुसार तालिम कार्यक्रम संचालन गरी सहजीकरण गर्ने ।
- योजनाहरूमा सार्वजनिक लेखापरीक्षण सञ्चालन गर्न सहयोग गर्ने ।
- भुक्तानीको लागि आवश्यक कागजातहरू तयार गर्ने र र अन्तिम प्राविधिक रिपोर्टहरू तयार गर्ने ।
- सबै गतिविधिहरूमा GEDSI को पक्षहरू सम्बोधन गर्ने र सो को सुनिश्चित गर्ने ।
- SUSWA आयोजनाका नीतिहरू अनुसार योजना अनुगमनमा सहयोग र सहभागीता जनाउने ।
- वास इकाईका मासिक/द्वि–मासिक बैठकहरूमा भाग लिने र आवश्यक्ताअनुसार WASH-MC बैठकमा पनि सहभागीता जनाउने ।
- चरणवद्ध योजना अनुगमन प्रक्रिया अनुसार योजना अनुगमनमा भाग लिने ।
- परियोजना गतिविधिहरूको योजना, अनुगमन र रिपोर्टिङको लागि वास संयोजक (WASH Coordinator) लाई सहयोग गर्ने ।
- WUSCs र संस्थागत शौचालय निर्माण कार्यको लागि समितिहरूलाई भुक्तानीको लागि नगरपालिकालाई सहजीकरण गर्ने ।
- परियोजनासँग सम्वन्धित योजनाहरूको र हरेक क्रियाकलापहरूको डाटाबेस रिपोर्टिङ गर्ने ।
- पर्यवेक्षक/WASH इकाईद्वारा तोकिएको जिम्मेवारी परिणाममूखि भई उपलब्धिमूलक कार्य गर्ने । र सो बाहेक परियोजनालाई सहयोग हुने अन्य गतिबिधिहरूमा पनि सहभागी भई सहजीकरण कार्य गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

भेरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

CamScanner